# अनुगमन समितिको वार्षिक अनुगमन प्रतिवदेन सम्बन्धमा।

यस गौरादह नगरपालिका अन्तर्गत आ.व. ०७९-०८० का विभिन्न योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक श्री जलबर्षा राजबंशीज्यूको अध्यक्षतामा अनुगमन गर्दा देहाय बमोजिमको देखियो।

| क्र स | योजनाको विवरण | अनुगमनको गर्दाको अवस्था | सुझाव |
|---|---|---|---|
| १ | **सडक तथा पुल निर्माण** | -विभिन्न वार्डमा सञ्चालन गरिएका कालोपत्रे गर्ने सडकहरु अनुगमन गर्दा मापडण्ड बमोजिम देखियो ।<br>-अधुरो कल्भर्टहरु निर्माण सम्पन्न भएको र केही अन्तिम चरणमा रहेको देखियो ।<br>-समपुरक अनुदानबाट प्राप्त तथा नगर स्तरिय योजना अन्तर्गतका पुलहरुको अनुगमन गर्दा गौरिया खोला पक्की पुल निर्माण सम्पन्न भएको र अन्य पुल तथा ट्रस ब्रिज निर्माणाधिन अवस्थामा रहेको देखियो । | -आवश्यकता अनुसार विभिन्न बाटोहरुको स्तरबृद्धि गरि कालो पत्रे बनाउनु पर्ने ।<br>-३ लाख भन्दा माथिका योजनाहरुमा सूचना पाटि अनिवार्य राख्नु पर्ने ।<br>-ठेक्का सम्झौता गरि निर्माण कार्य अघि नबढाउने निर्माण व्यसायीलाई नियमानुसार कारवाहि गर्नु पर्ने। |
| २ | **भवन तथा वस्ती विकास कार्यक्रम** | -वार्ड कार्यालयका भवन कम्पाउन्ड तथा नगरपालिका भवन घेरवारा को योजना अनुगमन गर्दा निर्माण अन्तिम चरणमा भएकोले माटो पुराइ र इन्टरलकिङ गर्नु पर्ने आवश्यक देखियो \|<br>-साथै आधारभुत स्वास्थ्य केन्द्र वार्ड नं ३ को कार्य सम्पन्न भएको तर वार्ड नं ८ को अधुरो भवन अन्तिम चरणमा भएको देखियो \|<br>-संघिय ससर्त अनुदानबाट प्राप्त भवनहरु अनुगमन गर्दा सामुदायीक भवनहरुको कार्य सम्पन्न भएको र साना किसान गोदाम भवनको काम निर्माणाधिन अवस्थामा रहेको पाइयो ।<br>-गौरादह नगरपालिका भित्रका बजारहरुमा निर्माण भएका ढल तथा पैनीहरुको अनुगमन गर्दा गौरादह बजार ड्रेन र जामवाडी पैनी निर्माण सम्पन्न भएको र दामुना बजार ड्रेन अन्तिम चरणमा रहेको पाइयो । | **-समितिबाट सञ्चालन हुने योजनामा पनि गुणस्तर परिक्षण गर्ने प्रबृत्ति अपनाउनु पर्ने**<br>-योजना सम्झौता गरि निर्माण कार्य अघि नबढाउने समिति तथा निर्माण व्यसायीलाई नियमानुसार कारवाहि गर्नु पर्ने ।<br>-ढल तथा पानी निकास सम्वन्धी योजना बर्षा याम सुरु हुनु अघि नै निर्माण सम्पन्न गर्ने गरी कार्यान्वयन गर्नु पर्ने । |
| ३ | **खानेपानी तथा विधुतीयकरण:** | -विभिन्न वार्डमा जडान भएका सडक वत्ति हरुको नियमित मर्मत कार्य गरी संचालनमा ल्याएको देखियो ।<br>-साथै विभिन्न वडामा खानेपानी पाइप जडान तथा विस्तार गर्ने योजनाहरु संचालनमा रहेको पाइयो \| | -खानेपानी पाइप विस्तार गरि ग्रामिण बस्तिमा समते पुर्‍याउनु पर्ने |
| ४ | **वाताबरण तथा विपत व्यवस्थापन** | -गत वर्षा याममा क्षति भएको वार्ड नं ५ र वार्ड नं ६ को रतुवा खोला नजिक को वस्तीहरु अनुगमन गर्दा रतुवा बाँध भत्किएर बस्ति भित्र पसी क्षति भएकोले सम्बन्धित निकाय संग सहकार्य गरि आवश्यक निर्माण कार्य आगाडी बढाएको कार्य प्रभावकारी रहेको पाइयो \|<br>-गेउरिया खोला, किस्ने खोला तथा क्षतिग्रस्त पैनीमा तारजालीको काम अगाडी बढाएको पाइयो । | -वडा कार्यालय,सडक,अन्य भवन परिषरमा बृक्षारोपण गरिनु पर्ने<br>-नदि कटान नियन्त्रण गर्न दिगो योजना बनाइसमयमा नै सुरु गरिनुपर्ने |

प्रतिवेदक:-

संयोजक- श्री जलबर्षा राजबशीं चौधरी